# कुलपति सम्माननीय प्रधानमन्त्री माधव कुमार नेपालज्यूको पोखरा विश्वविद्यालय सभाको दशौं बैठकमा गरेको सम्बोधनको पूर्ण पाठ

**पोखरा विश्वविद्यालयका विद्वान सभासदज्यूहरू,**
**भद्र महिला तथा सज्जनवृन्द !**

नेपालमा शाही राजतन्त्रात्मक युगको अन्त्य भएर सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक युगको सूत्रपात्र भएकोछ । नयाँ युग आरम्भ गर्नका लागि भएको ऐतिहासिक जनआन्दोलनमा आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरूलाई श्रद्धापूर्वक स्मरण गर्दै उहाँहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाइते योद्धाहरूप्रति उच्च सम्मान प्रकट गर्दछु । सात तालको शहरका रूपमा चिनिने लेखनाथ नगरपालिकास्थित पोखरा विश्वविद्यालय सभाको दशौं बैठकलाई कुलपतिका हैसियतले सम्बोधन गर्न पाउँदा मलाई खुसी लागेकोछ ।

हामी नयाँ नेपाल निर्माणको सङ्घारमा छौं । अहिले सहकार्यको संस्कृतिको विकास गरी सङ्घीयलोकतान्त्रिक गणतन्त्र नेपालको नयाँ संविधान निर्माण गर्ने क्रममा छौं । यस अवस्थामा अनेक किसिमका आरोह-अवरोहहरू देखा पर्न सक्छन् । तर, ती सबै आरोह-अवरोहहरूलाई संयम, सहमति र सहकार्यकासाथ सामना गरेर मात्रै हामी नयाँ समृद्ध नेपाल निर्माण गर्न सक्छौं । हामीले जनतालाई परिवर्तनको अनुभूति कागजमा होइन, व्यवहारमा देखाउनु परेकोछ । लोकतन्त्रको अनुभूति समाजका सबै क्षेत्रसम्म पुग्नुपर्छ । यस अभियानबाट शिक्षा क्षेत्र पनि पृथक् रहन सक्दैन । सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको नयाँ रूप निर्माण गर्नका लागि हामीले हाम्रो शिक्षा क्षेत्रलाई पनि त्यही अनुकुलको बनाउन जरुरी छ । त्यसका लागि हामी सबैले नयाँ सोच, नयाँ योजना र नयाँ प्रतिबद्धताकासाथ अघि बढ्न आवश्यक छ । पोखरा विश्वविद्यालयलाई पनि यस दिशामा अघि बढाउनका लागि सर्वोच्च नीति निर्माण गर्ने यस बैठकले पनि आफ्नो ध्यान त्यसतर्फ केन्द्रित गर्नुपर्छ ।

मुलुक अहिले सङ्क्रमणकालमा छ । त्यसैले यतिबेला समाजका हरेक क्षेत्र र वर्गमा नयाँ उत्सुकता, उत्साह र उमङ्गहरू पैदा भएका छन्, सबैमा नयाँ-नयाँ आकांक्षाहरू उत्पन्न भएका छन् । ती अपेक्षाहरूलाई आ-आफ्नो ठाउँबाट कसरी परिपूर्ति गर्न सकिन्छ भन्ने हामी सबैको साझा सरोकारको विषय हो । नेपालको पर्यटनको मेरूदण्ड मानिने यस पोखरा शहरमा अवस्थित पोखरा विश्वविद्यालयले अरू विश्वविद्यालयको तुलनामा शैक्षिक पर्यटन र स्वास्थ्य पर्यटनको विकासमा महत्वपूर्ण योगदान दिन सक्दछ । पर्यटन नेपालको आर्थिक विकासको महत्वपूर्ण क्षेत्र भएकोले सरकारले पर्यटन व्यवसायलाई विविधिकरण गर्नका लागि शैक्षिक पर्यटन र स्वास्थ्य पर्यटनको

विकास गर्दै जाने नीति अख्तियार गरेकोछ । स्तरीय उच्च शिक्षा, स्वास्थ्य र सामुदायिक सेवाको माध्यमबाट शैक्षिक र स्वास्थ्य पर्यटनको विकास र प्रबर्द्धनमा दक्षिण एसियाकै अगुवा बन्ने सोच अनुरूप आफूले यसअघि तय गरेका कार्यक्रम तथा नीतिहरू अनुरूप विश्वविद्यालय अगाडि बढ्नेछ भन्ने मलाई विश्वास छ ।

मुलुक अहिले राजजनीतिक, आर्थिक, सामाजिक एवम् शैक्षिक रूपान्तरणको नयाँ चरणमा प्रवेश गरेकोछ । सामन्ती राज्य संरचनाका कारण विगतमा सिर्जना भएका आर्थिक-सामाजिक समस्याहरूको समाधान गर्न सामन्तवादका सबै रूप एवम् अवशेषहरूको अन्त्य गर्दै नयाँ लोकतान्त्रिक मूल्य-मान्यताका आधारमा स्वाधीन, स्वतन्त्र र आत्मनिर्भर नयाँ नेपाल निर्माणको आधार तयार गर्नु हामी सबैको साझा जिम्मेवारी हो । यसका लागि उच्च शिक्षा मात्र नभएर देशको समग्र शिक्षासम्बन्धी साझा जनमुखी कार्य योजना तयार गरी अगाडि बढ्नु आवश्यक छ ।

विश्व श्रम बजार र देशको आवश्यकताअनुरूप प्राविधिक जनशक्ति उत्पादन गर्नका लागि विश्वविद्यालयको संशोधित रणनीतिक योजना- २०६५ का कार्य योजनाअनुरूप विज्ञान तथा प्रविधि शिक्षामा जोड दिँदै जानेछ । पोखरा विश्वविद्यालय छात्रवृत्ति नियमावली- २०६५ अनुसार सबै तह र कार्यक्रमहरूमा छात्रवृत्ति उपलब्ध गराएर उच्च शिक्षामा पिछडिएका वर्ग र क्षेत्रलाई केही हदसम्म भएपनि पहुँच पुऱ्याउनेछ । अहिले समाजका सबै संरचनामा पिछडिएका वर्ग, समुदाय, जाति र क्षेत्रको सहभागिताको आवाज उठिरहेको छ । त्यसलाई समेत ध्यानमा राख्दै हाम्रा विश्वविद्यालयरूले आफ्नो सामाजिक उत्तरदायित्व समेत निर्वाह गर्नुपर्छ भन्नेमा मेरो विशेष जोड छ ।

शिक्षामा सर्वसाधरणको पहुँच नबढाई हामी शिक्षालाई उपलब्धिमूलक बनाउन सक्दैनौं । आम नागरिकलाई शिक्षाको दायराभित्र ल्याएर यसलाई जीवन र उत्पादनसँग जोड्नुपर्छ । यसका लागि उच्च शिक्षामा गुणात्मक सुधार गरी सीप र व्यावसायिकतातर्फ उन्मुख गराउने र उच्च शिक्षामा लागत धान्ने प्रणाली अवलम्बन गर्नुपर्दछ । शिक्षालाई जीवन र उत्पादनसँग नजोडेका कारण शैक्षिक बेरोजगारी मुलुकको एउटा ठूलो समस्याका रूपमा खडा भएकोछ । यी कुराहरूलाई मनन् गरेर विश्वविद्यालयले आफ्ना शैक्षिक कार्यक्रमहरूलाई सकेसम्म प्राविधिक र व्यावसायिक विषयहरूमा केन्द्रित गर्ने नीति कायम नै राख्नेछ । स्वास्थ्य विज्ञान र ईञ्जिनियरिङ्ग विषयका कार्यक्रमहरू सञ्चालन गर्दै जाने कार्यक्रम अनुरूप यस वर्ष विश्वविद्यालयले प्राथमिकतासाथ स्कूल अफ मेडिकल साइन्स/स्कूल अफ ईञ्जिनियरिङ्ग साइन्सको स्थापना गर्नेछ ।

नेपाल जैविक विविधता र प्राकृतिक साधनमा धनी छ । नेपालमा जडिबुटीको भण्डार छ । ती जडिबुटीको व्यावसायिक प्रयोगबाट ठूलोसंख्यामा गरीव जनताको जीवनस्तरमाथि उठाउन र ठूलो परिमाणमा रोजगारी सिर्जना गर्न सकिन्छ । आज अवलोक गरिएको Department of Pharmacy का कृयाकलापहरू सह्रानीय त छन्, तर पर्याप्त भएनन् । त्यसैले अध्ययन अनुसन्धानमा सम्लग्न जनशक्तिले जडिबुटीको व्यावसायिक प्रयोग, अनुसन्धानबाट प्राप्त खोजको Patenting गरी अनुसन्धानलाई प्रोत्साहन र

अनुसन्धानबाट प्राप्त उपलब्धीलाई औद्योगिक प्रतिष्ठानसँग साझेदारी गरी अगाडि बढाउन आजैदेखि लाग्न सम्बन्ध सबैलाई निर्देशन दिन चाहन्छु ।

प्रयोगशालालाई स्तरीय र विश्वसनीय बनाउन Hygiene Factor लाई पनि विशेष ध्यान दिन पनि आग्रह गर्दछु । यस सम्बन्धी अध्ययन र अनुसन्धानका लागि विदेशी विद्यार्थीहरू नेपालमा आई अध्ययन गर्ने बढी सम्भावना छ । विश्वविद्यालयको कार्य योजनाअनुरूप अन्तर्राष्टियस्तरको वातावरण र प्राकृतिक स्रोत व्यवस्थापन महाविद्यालय स्थापनाका लागि विश्वविद्यालय प्राथमिकताका साथ लाग्नेछ । यसका साथसाथै पोखरा विश्वविद्यालयले लागत आपूरणको सिद्धान्त अनुसार हुनेबाट लिने र नहुनेलाई दिने नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै जानेछ । यसबाट गरीव तर जेहेन्दार विद्यार्थीहरू लाभान्वित हुनेछन् र उनीहरूले पनि भविष्यमा प्रतिस्पर्धा गर्न सक्नेछन् ।

विश्वविद्यालयले प्राविधिक विषयका शैक्षिक कार्यक्रमहरूलाई प्राथमिकताकासाथ अगाडि बढाउने नीति लिएकोछ । प्राविधिक विषयका आवश्यक जनशक्तिको अभाव भएकोले यसतर्फ विश्वविद्यालयले आवश्यक जनशक्तिको योजना तय गरी प्राविधिक विषयको जनशक्ति विकास गर्नेतर्फ बढी ध्यान दिनेछ ।

हाल उच्च शिक्षामा देखिएको अराजकतालाई अन्त्य नगरी देश विकासका लागि आवश्यक अनुशाशित र दक्ष जनशक्ति उत्पादन गर्न सम्भव छैन । त्यसैले विश्वविद्यालयमा हुने हड्ताल-बन्दको संस्कृतिलाई अन्त्य गरी गुणात्मक उच्च शिक्षा दिने वातावरण सिर्जना गर्न आवश्यक सजगता र पहलकदमी लिनका लागि म सबैसँग आग्रह गर्दछु ।

धन्यवाद ।

माधवकुमार नेपाल
प्रधानमन्त्री
कुलपति, पोखरा विश्वविद्यालय
२०६६ असोज २०